स्थानीय सरकार
बागमती गाउँपालिका
Bagmati Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
झुरझुरे, मकवानपुर
Jhurjhure, Makawanpur

☎: +९७७ ०५७-५९१०२४
: bagmatimun.makwanpur@gmail.com
: www.bagmatimunmakawanpur.gov.np

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प.सं.: २०८३/०८४
सूचना नं. : २

# व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

*सूचना प्रकाशन मितिः २०८३/०४/०८*
*ने.सं. ११४६ दिल्लाथ्व दशमी, शुक्रबार*

बागमती गाउँपालिका क्षेत्र भित्र संचालन हुने/भइरहेका व्यवसाय अनिवार्य रूपमा दर्ता तथा प्रत्येक वर्ष नवीकरण हुनु पर्ने कानुनी प्रावधान अनुसार चालु आर्थिक वर्ष २०८३/०८४ मा आफ्नो व्यवसाय नवीकरण गर्ने, गराउने प्रयोजनार्थ तथा हालसम्म दर्ता नभएका व्यवसायहरू अनिवार्य रुपमा दर्ता गर्ने, गराउने प्रयोजनार्थ चालु आ. व. २०८३/०८४ को असोज मसान्त भित्र देहाय बमोजिमका आवश्यक कागजातहरु पेश गरी यस गाउँपालिका क्षेत्र भित्र संचालित व्यापार, व्यवसाय, उद्योग, प्राइभेट, फर्म, होटल, पसल लगायतका सम्पूर्ण व्यवसाय दर्ता एंव नवीकरणका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, तोकिएको समय सीमा भित्र दर्ता एवं नवीकरण नगराईएमा प्रचलित कानुन बमोजिम कार्वाही हुने व्यहोरा समेत अवगत गराईन्छ।

<u>देहायः</u>

❖ दर्ता गर्ने प्रयोजनार्थ आवश्यक कागजातहरूः

१. निवेदन,
२. वडा कार्यालयको सिफारिस,
३. लालपुर्जाको प्रतिलिपि,
४. ऐलानी जग्गाको हकमा निस्सा कार्डको प्रतिलिपि,
५. कर तिरेको रसिद,
६. नागरिकताको प्रतिलिपि,
७. २(दुई) प्रति पासपोर्ट साइजको फोटो,
८. घर/जग्गा बहालमा सञ्चालन हुने व्यवसायको हकमा घर बहाल सम्झौता पत्र,
९. घरधनीको नागरिकताको प्रतिलिपि,
१०. वडा कार्यालयको रोहवरमा गरिएको सरजमिन मुचुल्का।

❖ नवीकरण गर्ने प्रयोजनार्थ आवश्यक कागजातहरुः

१. व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल प्रति,
२. अघिल्लो आ. व. को करचुक्ता,
३. कर तिरेको रसिद,
४. स्थायी लेखा नम्बर(PAN) को प्रतिलिपि,
५. नागरिकताको प्रतिलिपि।

..............................
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः व्यवसाय पूर्ण रूपमा बन्द भइसकेको खण्डमा असोज मसान्तभित्रै नियमानुसार व्यवसाय बन्द (लगत कट्टा) को निवेदन दिनुपर्नेछ। अन्यथा करको दायित्व कायम रहनेछ।*